# दिपायल सिलगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, डोटी
**Dipayal Silgadhi Municipality**
**Office of the Municipal Executive, Doti**

☎- ४२००९०
- ४२०१६८
फ्याक्स नं.०९४-४२०२९७
ई-मेल-info@dipayalsilgadhimun.gov.np
web-site :dipayalsilgadhimun.gov.np

सिलगढी(Silgadhi)
सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं. :- ०७८/०७९
च.नं. :- 0८

मिति २०७९।४।१२

विषयः सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण सम्वन्धमा ।

**श्री वडा कार्यालय सवै**
**दिपायल सिलगढी नगरपालिका डोटी ।**

सामाजिक सुरक्षा नियमावली (प्रथम संशोधन),२०७६ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को नियम(४) अनुसार सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्यक आर्थिक वर्षको कार्तिक मसान्त भित्र सम्वन्धित वडा कार्यालयमा आफै उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु पर्ने व्यवस्था रहेको विदितै छ ।

सोही सम्वन्धमा,आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम (१६) को उपनियम (१२) बमोजिम आ.व.२०७८।०७९ देखि नेपाल सरकारले त्रैमासिक वजेट निकासाको व्यवस्था गरेको हुदा सामाजिक सुरक्षा भत्ता समेत त्रैमासिक रुपमा वितरण गर्नु पर्ने भएकोले चालु आ.व.को पहिलो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ताको फवार्ड फिड (लाभग्राही सुची) तयार गरी सम्वन्धित वैंकमा पठाउनु अगावै परिचयपत्र नवीकरण गरिसक्नु पर्ने भएको छ । तसर्थ सवै लाभग्राहीहरुको सकेसम्म चाडै नवीकरण गरी पहिलो त्रैमासिक निकासावाटै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सूनिश्चितता गर्न आवश्यक व्यवस्थाको लागी अनुरोध छ ।

नेपाल सरकारको आ.व.२०७९।८० को वजेट वक्तव्यमा ६८ वर्ष उमेर पुरा भएकालाई जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता दिने उल्लेख भएको र सोही बमोजिम हुनेगरी सामाजिक सुरक्षा ऐन,२०७५ मा संशोधन समेत भईसकेकोले ऐ,ऐन,२०७५ को दफा (१२) र सामजिक सुरक्षा नियमावलि,२०७६को नियम (५) वमोजिम त्यस्ता लाभग्राहीहरुको निवेदन प्राप्त गरी लाभग्राही सूचिकरण प्रक्रिया अगाडी वढाउन हुन निर्णयानुसार अनुरोध छ । साथै,नागरिकता प्रमाणपत्रको सक्कलै हेरी परिचयपत्र नवीकरण तथा नयां लाभग्राही सूचीकरण गर्न र नागरिकता प्रमाणपत्र उल्लिखित जन्म मिति लगायतको विवरणमा कुनै अस्पष्टता भएमा सम्वन्धित जिल्ला प्रशासन कार्यालय/इलाका प्रशासन कार्यालयबाट अभिलेख झिकाई यथार्थ विवरण यकिन गर्नु गराउनु हुन समेत अनुरोध छ । भनि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सिंहदरवार,काठमाण्डौ को च.नं.९ मिति २०७९।४।१ गतेको पत्र प्राप्त हुन आएकोले सोहि अनुसार लाभग्राहीहरुको परिचय पत्र नविकरण गराउने व्यवस्था गर्न हुन साथै नेपाल सरकारको आ.व.०७९।०८० को वजेट वक्तव्यमा ६८ वर्ष उमेर पुरा भएकालाई जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता दिने उल्लेख भए अनुसार त्यस्ता लाभग्राहीहरुको निवेदन प्राप्त गरी लाभग्राही सूचीकरण प्रक्रिया अगाडी वढाउन हुन समेत अनुरोध छ ।

वोधार्थ :
श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरवार,काठमाण्डौ ।

४।१२

.....................................
नि.प्रमुख प्रशासकीय अधिकृत

O/C